# विदेशी लगानी स्वीकृति भएका उद्योगीहरुलाई लगानी भित्राउने तथा भिसा सिफारिस सम्वन्धी उद्योग विभागको सार्वजनिक सूचना ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ नेपाल सरकारवाट स्वीकृत भई मिति २०७७ पुस २७ गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको व्यहोरा सवैमा जानकारी गराईन्छ । यस नियमावलीमा भएको प्रावधान बमोजिम विदेशी लगानी स्वीकृति प्राप्त विदेशी लगानीकर्ताले (त्यस्ता नयाँ र पुराना सवै विदेशी लगानी) देहाय बमोजिम विदेशी लगानी भित्राउनु पर्ने प्रावधान रहेकोले सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) एक वर्ष भित्र विदेशी लगानी भित्रायाउने न्यूनतम रकम सीमाः

- न्यूनतम रकम ५ करोड लागानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको २५ प्रतिशत
- रु.५ करोड भन्दा माथि रु.२५ करोड सम्म लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको १५ प्रतिशत
- रु.२५ करोड भन्दा माथि रु.१ अर्व सम्म लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको १० प्रतिशत
- रु.१ अर्व भन्दा माथि लगानी गर्ने लगानीकर्ताले स्वीकृत लगानी रकमको ५ प्रतिशत

(ख) विदेशी लगानीकर्ताले स्वीकृत विदेशी लगानी रकमको कम्तीमा सत्तरी प्रतिशत रकम आफुले लगानी गरेको व्यवसायवाट व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ हुन अधि र बाँकी तीस प्रतिशत रकम त्यस्तो उद्योग वा व्यवसायवाट व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ भएको दुइ वर्ष भित्र लगानी गरी सक्नु पर्नेछ ।

(ग) संचालनमा भएको उद्योगको शेयर खरिद गरी लगानी गर्ने विदेशी लगानीकर्ताले विदेशी लगानी स्वीकृत भएको एक वर्ष भित्र लगानी गरी सक्नु पर्नेछ ।

(घ) नियमावली प्रारम्भ हुँदाका वखत संचालनमा रहेको विदेशी लगानी स्वीकृत भएको उद्योगले त्यस्तो स्वीकृति बमोजिम सम्पूर्ण विदेशी लगानी भित्राई नसकेको भए नियमावली प्रारम्भ भएको छ महिना भित्र विदेशी लगानी सम्वन्धी कार्ययोजना स्वीकृति गराई सो बमोजिम विदेशी लगानी गरिसक्नु पर्नेछ ।

**यस विभागवाट प्रदान गरिने भिसा लगायतका अन्य सेवा सुविधा सिफारिसका लागि माथि उल्लेखित प्रावधानहरु पुरा हुनुपर्ने भएकोले सोही बमोजिम गर्नु गराउनुहुन जानकारी गराईन्छ । साथै लगानीकर्ताका आश्रित परिवारको सदस्यलाई भिसा सिफारिसका लागि सम्वन्धित मुलुकको अधिकारप्राप्त निकाय वा त्यस्तो मुलुकको नेपालस्थित दुतावास वा कुटनीतिक निकायवाट नाता प्रमाणित भएको कागजात पेश गर्नु पर्नेछ । अन्यथा भिसा सिफारिस गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।**

पुनश्चः अन्य प्रावधान लगायत विस्तृत अध्ययनका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ अध्ययन गर्नुहुन जानकारी गराईन्छ ।